**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ अगस्त २०२६**
**समयः १८:५० – १९:०० बजे** *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले  संस्कृतलाई भाषा मात्र नभएर भारतीय संस्कृति, सभ्यता, दर्शन र ज्ञानको समृद्ध विरासतको रूपमा वर्णन गर्नुभयो।

- नेपाल र तिब्बतमा आएको विनाशकारी बाढीबाट मृत्यु हुनेको संख्या ५३८ पुगेको छ। एक हजार ५ सय ४५ जना अझै बेपत्ता छन्।

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले कोलकाताको नजरुल मञ्चमा आयोजित भव्य राखी बन्धन समारोहमा भाग लिनु भयो।

- दार्जीलिङ अनि कालेबुङ जिल्लामा पनि रक्षा बन्धन पर्व हर्षोल्लासको साथमा मनाइयो।

- मौसम विभागले उत्तर बंगालको दार्जीलिङ, कालेबुङ, जलपाईगडी, अलिपुरद्वार र कुचबिहारमा वर्षा जारी रहने अनुमान गरेको छ।

**मुख्यमन्त्री- संस्कृत दिवस**

संस्कृत दिवसको अवसरमा पश्चिम बङ्गालका मुख्यमन्त्री सुभेन्दु अधिकारीले सामाजिक सञ्जाल 'एक्स' मा संस्कृत भाषाको महत्त्वलाई जोड दिंनु हुँदै विशेष सन्देश साझा गर्नुभएको छ । उहाँले संस्कृतलाई भाषा मात्र नभएर भारतीय संस्कृति, सभ्यता, दर्शन र ज्ञानको समृद्ध विरासतको रूपमा वर्णन गर्नुभयो। मुख्यमन्त्रीले आफ्नो पोस्टमा संस्कृतले वेद, उपनिषद, रामायण र महाभारतदेखि लिएर गणित, ज्योतिष र चिकित्सासम्मका भारतीय ज्ञान परम्पराका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएको बताउनु भयो । प्रसिद्ध संस्कृत वाक्य "यत्र विश्वं भवत्येकनीडम्" लाई उल्लेख गर्नु हुँदै, उहाँले यसको अर्थ बताउनुभयो जहाँ सम्पूर्ण विश्व एउटै गुँड अर्थात् एक परिवार/आश्रयमा परिणत हुन्छ। मुख्यमन्त्रीले यो विचार आज पनि संस्कृतबाट गुन्जिरहेको बताउनु भयो । मुख्यमन्त्रीले संस्कृत दिवसको अवसरमा नयाँ पुस्तालाई यो प्राचीन भाषासँग जोड्न आह्वान गर्नु भयो । उहाँले यस विशेष दिनमा सबैले यो प्राचीन, धनी र ज्ञानी भाषालाई नयाँ पुस्तालाई हस्तान्तरण गर्ने वाचा गर्नुपर्ने बताउनु भयो ।

**नेपाल बाढ़ी**

नेपाल र तिब्बतमा आएको विनाशकारी बाढीबाट मृत्यु हुनेको संख्या ५३८ पुगेको छ। एक हजार ५ सय ४५ जना अझै बेपत्ता छन्। राहत तथा उद्धार टोलीले नदी किनार र बस्तीमा बाँचेकाहरू र बाढीले बगाएका शवहरूको खोजी गरिरहेका छन्। दक्षिणपश्चिम चीनमा ५.१ म्याग्निच्युडको भूकम्पको डरले नयाँ बाढीको खतरा बढाएको छ। अधिकारीहरूले प्रभावित जिल्लाहरूबाट ८०० भन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा सारेका छन्। भोटे कोशी नदीको स्रोत नजिकै रहेको बाढी-बाँध ताल र तिब्बतमा बाँध भत्किएको रिपोर्टले बाढीको डरलाई फेरि ताजा बनाएको छ। नदीको सतह बढ्दै गएका कारण त्रिशूली क्षेत्रका बासिन्दाहरूलाई अन्यत्र जान आदेश दिइएको छ। त्रिशूली र रसुवा बीचको सडक निर्माण कार्य रोकिएको छ। त्रिशूली र धोबी नदी क्षेत्रमा बाढीको पानीले उनीहरूको घर, पसल र सामान बगाएको स्थानीय बासिन्दाहरूले बताएका छन्। कठिन भूभाग र प्रतिकूल मौसमका कारण राहत तथा उद्धार कार्यमा बाधा पुगेको छ।

**मुख्यमन्त्री- राखी पूर्णिमा**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले कोलकाताको नजरुल मञ्चमा आयोजित भव्य राखी बन्धन समारोहमा भाग लिनु भयो। समारोहको क्रममा उहाँले महिला पुलिससहित दिदीबहिनी र छोरीहरूबाट राखी बाँध्नु भयो। उहाँले राखीको पवित्र धागोले प्रेम र अटुट एकताको प्रतीक भएको भन्नु हुँदै कार्यक्रमलाई भ्रातृत्व, एकता र सांस्कृतिक सम्पदामा जोड्नु भयो। मुख्यमन्त्रीले पश्चिम बंगाल सरकारको युवा सेवा तथा खेलकुद विभाग र सूचना तथा सांस्कृतिक मामिला विभागले संयुक्त रूपमा आयोजना गरेको नजरुल मञ्चमा "राष्ट्रवादको बन्धन" भन्ने विषयमा राखी बन्धन समारोह आयोजना गरिएको जानकारी दिनु भयो।
कार्यक्रममा मुख्यमन्त्रीले कविगुरु रवीन्द्रनाथ टैगोर र देशका राष्ट्रिय नायकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। मुख्यमन्त्रीले भन्नु भयो, रवीन्द्रनाथ टैगोरले राखीलाई सामाजिक एकता र भ्रातृत्वको माध्यमको रूपमा हेर्नुभयो। उहाँले भवानीपुर विधानसभा क्षेत्रमा विभिन्न राखी बन्धन कार्यक्रमहरूमा पनि भाग लिनुभयो।योभन्दा अघि मुख्यमन्त्री शुभेन्दु अधिकारीले राखी पूर्णिमाको अवसरमा राज्यवासीलाई शुभकामना व्यक्त गर्नु भयो। सामाजिक सञ्जालमा उहाँले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, विश्वास र स्नेहको बन्धन बलियो रहोस् भन्ने कामना गर्नु भयो। आफ्नो सन्देशमा मुख्यमन्त्रीले दाजुभाइ र दिदीबहिनीबीचको प्रेम, विश्वास र स्नेहको अटुट बन्धनलाई धागो बाँध्नु पर्ने बताउनु भयो।

**<u>पहाड़- राखी</u>**

राज्यको अन्य स्थानहरूमा सरह दार्जीलिङ अनि कालेबुङ जिल्लामा पनि रक्षा बन्धन पर्व हर्षोल्लासको साथमा मनाइयो। चेली माइतीको पवित्र सम्बन्धलाई अझ प्रगाढ़ बनाउदै आज आ- आफ्ना दिदीबहिनीहरूले दाजु भाइलाई राखी डोरी बाँधेर आफ्नो माइतीको सु-स्वस्थ्य तथा दिर्घायुको कामना गरे।

कबीर धर्मदास वंशावली मिशनले डाली खेल मैदानमा जनसाधारणको सुरक्षामा आफ्नो कर्तव्यपथमा रहेर योगदान पुर्याइरहेका पुलिसकर्मीहरूलाई राखी बाँधेर उनीहरूको सु- स्वस्थ्य तथा दिर्घायुको कामना गरे। यसैबीच कालेबुङको आर्मी स्कूलका छात्राहरूले भारतीय सैनिकहरूलाई राखी बाँधेर रक्षाबन्धन कार्यक्रम सम्पन्न गर्यो। विद्यालयकी प्राचार्य शोभा राईले आफ्नो परिवार अनि दिदीबहिनीदेखि टाढ़ामा रहेर देशको रक्षामा खटिएका सेनाका जवानहरूलाई राखी बाँधेर उनीहरूलाई घरको अनुभुति गराउन पाउदा आफूहरूलाई पनि खुशी लागेको बताउनु भएको छ। अर्कोतिर भारत-नेपाल सीमासँग जोडिएको दार्जीलिङ जिल्ला अन्तर्गत मिरिक बाघखोर शसस्त्र सीमा सुरक्षा बल सीमा चौकीमा रक्षा बन्धन मनाइयो। भारतीय जनता पार्टी महिला मोर्चा मिरिक अन्तर्गत खर्साङ मण्डल 7 अनि 8 का महिलाहरूको एक समुहले सीमा क्षेत्रमा देशको सेवा गर्ने एसएसबी जवान दाजुभाइहरूलाई राखी बाँधेर उनीहरूको सुस्वास्थ्य एवं दीर्घायुको लागि प्रार्थना गरे। महिला मोर्चा मिरिक २४ नम्बर समष्टि मण्डल आठ की महासचिव सारिका गुरुङ अनि उपाध्यक्ष मुन्ना राईले यो पर्व केवल एक पर्व मात्र नभई दाजुभाइ र दिदीबहिनीहरू बीचको प्रेम, सुरक्षा र आत्मीयताको उत्सव पनि भएको बताउनु भयो । यसैबीच राष्ट्रिय स्वयं सेवक संघको क्षेत्रीय समितिको आयोजनामा बिजनबारीमा रक्षाबन्धन कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा उपस्थित संघका सदस्यहरूले एकार्कमा राखी बाँधेर आपासी भाइचारा,सद्भाव र प्रेम तथा सामाजिक एकताको सन्देश आदाप्रदान गरे। कार्यक्रममा संघका जिल्ला प्रचारक रोचक राई राई लगायत संघका कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।

**<u>शंकर घोष- सिलगढ़ी</u>**

मानसरोवरको तीर्थयात्रामा गएका सिलगढ़ीका व्यवसायी समर मण्डल बेपत्ता भएपछि उनको परिवार चिन्ता र त्रासमा परेको छ। आज राज्यका पर्यटनमन्त्री शंकर घोषले सिलगढ़ीको शान्तिनगरमा रहेको समर मण्डलको घरमा गएर उनको परिवारलाई भेट्नु भएको छ। श्री घोषले परिवारसँग मण्डलको अवस्थाको बारेमा सोधपुछ गर्नु भयो र अन्तिम पटक कहिले सम्पर्क गरेका थिए भनेर सोधपुछ गर्नुभयो। परिवारका अनुसार नेपालमा बाढी आएको बिहान मण्डल तिब्बत-नेपाल सीमामा रहेको अध्यागमन केन्द्रमा थिए। उनले त्यहाँबाट आफ्नो परिवारसँग अन्तिम पटक फोनमा कुरा गरेका थिए। बेपत्ता भएदेखि उनी सम्पर्कविहीन छन्। पर्यटनमन्त्रीले यस विषयमा प्रशासनिक अधिकारीहरूसँग पनि छलफल गर्नु भयो। मन्त्री शंकर घोषले मण्डलको अहिलेसम्म कुनै पनि पत्ता नलागेको बताउनु भयो। यद्यपि, प्रशासनले क्षेत्रको अवस्थाको निरन्तर निगरानी गरिरहेको र उनलाई खोज्न आवश्यक प्रयास गरिरहेको बताउनु भएको छ। मन्त्रीले समर मण्डलको बारेमा कुनै पनि नयाँ जानकारी प्राप्त हुने बित्तिकै उनको परिवारलाई जानकारी गराउने आश्वासन दिनु भएको छ।

**आईजीजेएफ**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टले आज पार्टीको प्रथम अधिवेशन दार्जिलिङको भानु भवनमा आयोजना गर्यो। राष्ट्रिय गीत गाएपछि दीप धुप बालेर शुरु गरेको कार्यक्रमको सभापति नोबुङ छिरिङले गर्नु भएको थियो भने कालेबुङका पूर्व विधायक डा. हर्कबहादुर छेत्री विशेष रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा पार्टीको संविधान विमोचन गरेपछि पार्टीका प्रमुख संयोजक अजय एडवार्डले वर्तमान केन्द्रीय कार्य समिति विघटन गरेको घोषणा गर्नुभयो। यसरी नै केन्द्रीय समितिको घोषणा तथा कार्यकारिणी सदस्यहरूको परिचय पनि गरियो ।

**गोरामुमो- दार्जीलिङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय कार्यालयमा गोरामुमो खरसाङ ब्राञ्च कमिटी अन्तर्गत गोर्खा राष्ट्रिय नारी संगठन सोनादा शाखाका प्रतिनिधिवर्गले गोरामुमो अध्यक्ष मन घिसिङसँग भेटघाट गरी सांगठनिक विस्तार तथा वर्तमान राजनीतिक परिवेशबारे महत्वपूर्ण छलफल गरेका छन्।केन्द्रीय कार्यालय सचिव अमर तामाङले दिनुभएको जानकारीअनुसार भेटघाटका क्रममा सोनादा शाखाका प्रतिनिधिहरूले गोर्खा जातिको उन्मुक्तिको उद्देश्यलाई केन्द्रमा राख्दै भारत सरकारसँग सहकार्य गरेर अघि बढिरहेकोमा अध्यक्ष मन घिसिङप्रति आभार व्यक्त गरेका थिए। छलफलका क्रममा सोनादा शाखा तथा सोनादा बजार क्षेत्रमा गोर्खा राष्ट्रिय नारी संगठनको सांगठनिक गतिविधिलाई अझ व्यापक र सशक्त बनाउँदै लैजाने विषयमा समेत चर्चा भएको बताइएको छ। साथै, आगामी दिनमा संगठनलाई तल्लो तहसम्म विस्तार गर्दै पार्टीका विभिन्न राजनीतिक कार्यक्रमहरू आयोजना गर्ने विषयमा पनि प्रतिनिधिहरूले जानकारी गराएका छन्।

**पानीट्याङ्की- मानव तस्कर**

भारत-नेपाल सीमामा रहेको पानीट्याङ्कीमा सशस्त्र सीमा बल (एसएसबी) को सतर्कताले मानव बेचबिखनको एउटा ठूलो षड्यन्त्र विफल पारेको छ। चार नाबालिकाहरू सहित छ जना महिलाहरूलाई नेपाल लैजानु अघि नै उद्धार गरिएको छ। यस घटनामा दुई जना कथित मानव तस्करहरूलाई पक्राउ गरिएको छ। पक्राउ परेका अभियुक्तहरूको पहिचान निर्मल देबबर्मा र चिन्मय बसकको रूपमा गरिएको छ। निर्मल देबबर्मा त्रिपुराका बासिन्दा भएको बताइएको छ र चिन्मय बसक जलपाईगडीका बासिन्दा हुन्। दुवैलाई आज सिलगढी मजिस्ट्रेट अदालतमा पेश गरिएको थियो। स्रोतका अनुसार, हिज राति, भारत-नेपाल सीमामा रहेको पानीट्याङ्की पुरानो मेची पुलबाट नेपाल प्रवेश गर्ने क्रममा, ४१ औं बटालियन एसएसबीका जवानहरूले छ जना महिला र दुई पुरुषको समूहलाई शंकास्पद अवस्थामा रोकेका थिए। यसक्रममा कागजपत्रहरूको प्रमाणीकरणको क्रममा, धेरै विसंगतिहरू फेला परेको थियो। जाँचमा मानव बेचबिखनको घटना पत्ता लगाएको छ।प्रारम्भिक जाँचबाट चार नाबालिगसहित सबै छ जना महिला त्रिपुराका रहेको पत्ता लागेको छ। डान्स बारमा आकर्षक रोजगार दिने प्रलोभनमा पारेर उनीहरूलाई नेपाल लगिएको आरोप छ।

**मौसम**

मौसम विभागले उत्तर बंगालको दार्जीलिङ, कालेबुङ, जलपाईगडी, अलिपुरद्वार र कुचबिहारमा वर्षा जारी रहने अनुमान गरेको छ। केही ठाउँमा भारी वर्षाको सम्भावना छ। जलपाईगडीमा शुक्रबार ३० देखि ४० किलोमिटर प्रतिघण्टाको गतिमा मेघगर्जन र तेज हावासहित भारी वर्षा हुने चेतावनी दिइएको छ।मालदा, उत्तर र दक्षिण दिनाजपुर लगायत अन्य जिल्लाहरूमा धेरै ठाउँमा हल्का देखि मध्यम वर्षा र मेघगर्जन हुने सम्भावना पनि छ। पहाडी क्षेत्रहरूमा वर्षाको प्रभाव बढी हुने सम्भावना छ। दक्षिण बंगालमा, कोलकाता, हावडा, हुगली, उत्तर २४ परगना, दक्षिण २४ परगना, पूर्व र पश्चिम मेदिनीपुर, झारग्राम, बांकुरा, पुरुलिया, पूर्व र पश्चिम वर्धमान, वीरभूम, मुर्शिदाबाद र नादिया लगायत धेरै जिल्लाहरूमा मेघगर्जनसहित वर्षा हुन सक्छ। केही ठाउँमा तेज हावा पनि चल्ने सम्भावना छ।

**********